# बैठक नं. ४७

आज मिति २०७६ जेष्ठ २७ गते सोमबार बिहान ७ बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक,वडा नं. १ स्थित नगरपालिकाको सभाकक्षमा वसी देहाय बमोजिमकोउपस्थितिभयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानीयाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईं | |

## निर्णय नं.१

यस कीर्तिपुरनगरपालिका वडा नं ४ स्थित साइराम चोकदेखि सीम्ले खोला हुदै चम्पादेवी पाउ सम्म तथा चम्पादेवी पाउदेखि वाँसघारी (नेपाल ए.पी.एफ स्कुल गेट) सम्मको सडक स्तरोन्नती र चौडा गर्न अति आवश्यक भएको भनी वडा नं. ४ बाट सिफारिस भई आएको र सोही सडक स्तरवृद्धि र चौडा गर्न नगरपालिकाबाट आवश्यक सामाग्री उपलव्ध भएमा आवश्यक पर्ने जनशक्ती तथा मेसिनरी, औजार उपकरण एवं यान्त्रिक साधनहरु नेपाल ए.पि.एफ. स्कुलवाट उपलव्ध गराईने व्यहोरा नेपाल ए.पी.एफ. स्कुलको प.सं. २०७५/०७६/५९० मिति २०७६/०२/१७ को पत्रवाट अनुरोध भई आएकाले उक्त योजना संचालन गर्न अति आवश्यक देखिएको अवस्थामा चालु आ.व. को योजना कार्यान्वयन अवधि करिव एक महिना मात्र बाँकी रहेकोले उक्त योजनाको लागत अनुमान अनुसारको परिमाणको निर्माण सामाग्री आपुर्तीका लागि ७ (सात) दिनको सार्वजनिक सूचनाद्वारा दररेट माग गरी सामाग्री आपुर्ती नगरपालिकाको तर्फबाट गर्ने र निर्माणको कार्य नेपाल ए.पी.एफ. स्कुलको तर्फबाट गर्ने गरी सम्झौता गरी प्रकृया अगाडी बढाउनका लागि **"साईराम चोक सिम्लेखोला  चम्पादेवी पाउसम्मको बाटो विस्तार तथा रिटेनिङ वाल निर्माण"**योजना संचालनका लागि विश्व राष्ट्र मा.वि. – ढल्पा - छुँगाउ सडक विस्तार योजना ठेक्का मार्फत संचालन हुँदा वचत रहेको रकमबाट संचालन गरी आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं.२

यस कीर्तिपुर नगरपालिकाको चालु आर्थिक बर्ष २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडा नं ४ स्थित पुष्पलाल पार्क क्षेत्र देखि चम्पादेवी डाँडा सम्म केवलकार संचालनको निशुल्क सम्भाव्यता अध्ययन गर्नका लागि मिति २०७६ जेष्ठ १ गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार तोकिएको समय भित्र  पेश हुन आएका प्रस्तावहरुको नगर प्रमुखस्तरीय निर्णयवाट गठित मुल्यांकन समितिले निर्धारित मापदण्डका आधारमा मुल्याकंन गरी सबैभन्दा बढी अंकप्राप्त गर्ने **Arniko Designers and Planners JV,Kathmandu**लाई सम्भाव्यता अध्ययनका लागि परामर्शदाता छनौट गर्न सिफारिस गरेकोले **Arniko Designers and Planners JV** को प्रस्ताव स्वीकृत गर्ने र उक्त परामर्शदातासँग तीन महिनाभित्र सो कार्य सम्पन्न गर्ने गरी सम्झौता गरी कार्यन्वयन गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने साथै सो अवधिमा उक्त परामर्शदातावाट सो कार्य हुन नसकेमा सम्झौता भंग गरी मूल्यांकनमा क्रमश दोस्रो र तेस्रो हुने Ropeway & Cablecar Pvt. Ltd, Lalitpur रRopeway Nepal, Lalitpurसँग सम्झौता प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

## निर्णय नं.३

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरवार, काठमाण्डौवाट मिति २०७६/०२/०३ प.स. २०७५/०७६ च.न. ४२२ मा की.न.पा ४ स्थित पुष्पलाल प्रतिष्ठानलाई पुँजिगत अनुदान अन्तरगत रु. २ करोड प्राप्त हुने जानकारी भएको, मिति २०७६/०२/१३ मा पुष्पलाल प्रतिष्ठानवाट योजना कार्यान्वयनका लागि सम्झौता गर्ने सम्वन्धमा निवेदन प्राप्त भएको र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट मिति २०७६/०२/१६ मा सो रकम निकासा गरिएको अवस्थामा ढिलो गरी प्राप्त भएको सो पुँजिगत अनुदान, रकम चालु आ.व २०७५/०७६ भित्रै योजना कार्यन्वयन नगर्दा फिर्ता हुने भएकोले राष्ट्रिय महत्त्वको सो योजना/कार्यक्रम सञ्चालनका लागि टेण्डर प्रकृयामा जाँदा समयाभाव हुने भएकोले प्राप्त रकमबाट चालु आ.व भित्रै तोकिएका निर्माण कार्य गर्नका लागि पुष्पलाल स्मृति प्रतिष्ठानले स्वयम उक्त कार्य गर्ने गरी प्रतिष्ठानसँग निर्माण कार्यको सम्झौता गर्ने गरी नगर प्रमुखस्तरबाट भएको निर्णयको अनुमोदन गर्ने निर्णय गरीयो ।

## निर्णय नं.४

कीर्तिपुर नगरपालिकाको वडा नं १,२,३,४,६,७,९ र १० गरी जम्मा ८ वटा वडाहरुको "विपद् व्यवस्थापन कार्ययोजना" बनाउन सहयोग गर्नु हुने सिविन नेपाल र वडा नं ५ र ८ को "विपद् व्यवस्थापन कार्ययोजना" बनाउन सहयोग गर्नु हुने सि.डि.एस, नेपाल लाई धन्यवाद दिने निर्णय गरियो ।

## निर्णय नं.५

मिति २०७६/०२/२१ को नगर प्रमुख स्तरीय निर्णयका आधारमा यस नगरपालिकाका ८ ( आठ) जना कार्यपालिका सदस्यहरुलाई प्रदेश नं.३ मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालयको मिति २०७५/९/१९ को स्थानीय तहका पदाधिकारीहरु तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसूची १ मा संशोधित भै उपनियम २ खण्ड(ख) को 'क' मा उप-खण्ड (अ) को कोलम ७ मा रहेको कार्यपालिकाको सदस्यको सुविधा "७,००० ।-" भन्ने अंकको सट्टा देहायको अंक "११,००० ।-" राखिएको भनी संशोधन भए अनुरुप हुन संशोधित मासिक सुविधा चालु आ.व को सुरुवात २०७५ श्रावन १ गते देखि नै लागु हुने गरी चालु आ.व २०७५/०७६ को स्वीकृथ वार्षिक बजेटको चालु तर्फ १.०१.२ पदाधिकारी पारिश्रमिक शिर्षकबाट उपलब्धद गराउने निर्णय गरियो ।